# आधारभूत तह (१-३)

# याक्खा भाषाको पाठ्यक्रम

**पाठ्यघण्टा : ५** **वार्षिक कार्यघण्टा : १६०**

## १. परिचय

याक्खा भाषा किरात याक्खा समुदायको मातृभाषा हो । यो भाषा भोटबर्मेली भाषा परिवारभित्र पर्छ । नेपालको पूर्वी क्षेत्र विशेषतः सङ्खुवासभा, धनकुटा, तेह्रथुम, सुनसरी, मोरङ, झापा, इलाम, पाँचथर र ताप्लेजुङलगायत देशका विभिन्न स्थानमा यो भाषा बोलिन्छ । संविधानको मौलिक हकअन्तर्गत शिक्षासम्बन्धी प्रावधान तथा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को व्यवस्थाअनुरूप मातृभाषाको संरक्षण, प्रवर्धन र विकासमा योगदान तथा पठनपाठनका माध्यमबाट बालबालिकाको प्रारम्भिक सिकाइमा सहयोग पुर्‍याउने दीर्घकालीन लक्ष्य पूरा गर्न आधारभूत तह कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाका लागि याक्खा भाषाको पाठ्यक्रम विकास गरिएको हो ।

यस पाठ्यक्रम विकासको मुख्य अपेक्षा याक्खाभाषी बालबालिकामा याक्खा भाषाको आधारभूत सञ्चार तथा अभिव्यक्ति सिप विकास गर्नुका साथै स्तरअनुसार नयाँ विषयवस्तुको ज्ञानसमेत आर्जन गर्नु हो । अतः यस पाठ्यक्रमले सम्बन्धित व्यक्ति, समाज र राष्ट्रको अपेक्षालाई सक्षमता र सिकाइ उपलब्धि खण्डमार्फत समेटेको छ । उक्त सक्षमता र सिकाइ उपलब्धिलाई भाषिक सिप र पक्षका आधारमा विकास गरिएको छ भने उक्त सक्षमता र सिकाइ उपलब्धि हासिल गर्नका लागि विभिन्न विषयक्षेत्र छनोट गरिएका छन् । पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्रलाई सिकाइ सहजीकरणका विषयवस्तु र माध्यमका रूपमा लिइएको छ । उक्त विषयक्षेत्रको सिकाइ सहजीकरणबाट बालबालिकामा याक्खा भाषाको भाषिक सिप विकास हुनुका साथै भाषिक संरचनाका बारेमा समेत अपेक्षित ज्ञान तथा बोध हुने गरी विषयवस्तुको क्षेत्र र क्रम खण्डमा विषयवस्तुलाई सन्तुलित ढङ्गबाट सङ्गठित गरिएको छ । यस पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्र, सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई एकीकृत उपागमको सिद्धान्तअनुसार निर्माण गरिएको छ । यस पाठ्यक्रमले माथिल्ला कक्षामा याक्खा भाषाको निरन्तर अध्ययन अध्यापनका लागि समेत आधारशिला तयार गर्ने अपेक्षा राखिएको छ ।

पाठ्यक्रमलाई परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयक्षेत्रको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन जस्ता अवयवहरूका आधारमा संरचित गरिएको छ । पाठ्यक्रमले समावेश गरेको अपेक्षा हासिल गर्न उक्त अवयवहरूको एकअर्कासँग अन्तरसम्बन्धित र समन्वयात्मक हुने गरी कार्यान्वयन गर्नुपर्ने छ । विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन क्रममा पूर्ण रूपमा निर्माणात्मक मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्ने छ ।

## २. तहगत सक्षमता

**आधारभूत तह कक्षा १-३ अध्ययनपश्चात् याक्खा भाषाका विद्यार्थीहरूमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

(क) वर्ण, मात्रा एवम् शब्दको पहिचान, शुद्ध उच्चारण र प्रयोग

(ख) कुराकानी, संवाद र सवालजवाफमा दोहोरो सञ्चार

(ग) पाठको प्रवाहपूर्ण पठन, उपयुक्त बोध तथा अभिव्यक्ति

(घ) चित्र, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र अभिव्यक्ति

(ङ) श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको उपयोग र भाषिक व्यवहार प्रदर्शन

(च) याक्खा संस्कृति, मूल्यमान्यता र रीतिरिवाजसँग सम्बन्धित विषयवस्तुको मौखिक तथा लिखित अभिव्यक्ति

## ३. कक्षागत सिकाइ उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| १. याक्खा भाषामा भएका स्वर तथा व्यञ्जन वर्ण पहिचान गर्न<br>२. याक्खा भाषाको वर्ण पहिचान गरी उच्चारण गर्न<br>३. पारिवारिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न<br>४. पाठ्यसामग्री पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न<br>५. शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गर्न<br>६. शीर्षक, चित्र, परिवेश र सन्दर्भका आधारमा छलफल गर्न<br>७. पाठगत परिवेश, पात्र र सन्दर्भको पहिचान, छलफल, प्रश्नोत्तर गर्न | १. याक्खा भाषामा भएका स्वर तथा व्यञ्जन वर्ण पहिचान, उच्चारण र विभेदीकरण गर्न<br>२. सयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको उच्चारण गर्न<br>३. उस्तै उस्तै ध्वनि र समान संरचना भएका शब्द पहिचान गरी उच्चारण गर्न<br>४. पाठमा प्रयोग भएका शब्दहरू उच्चारण गर्न<br>५. पारिवारिक र विद्यालयीय परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न<br>६. शीर्षक, चित्र, परिवेश र सन्दर्भका आधारमा छलफल गरी प्रश्नोत्तर गर्न<br>७. शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी छलफल गर्न<br>८. कुराकानी, संवाद र | १. उस्तै उस्तै ध्वनि र समान संरचना भएका शब्द पहिचान गरी उच्चारण गर्न<br>२. पारिवारिक, विद्यालयीय र सामाजिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न<br>३. शब्दअनुसारका चित्र र चित्रअनुसारको शब्द पहिचान गरी प्रश्नोत्तर गर्न<br>४. कुराकानी, संवाद र छलफलमा सहभागी भई प्रश्नोत्तर गर्न<br>५. पाठ पढेर पाठको घटना, अनुभव वर्णन र सार बताउन<br>६. शब्द शब्द जोडेर वा छुट्याएर नयाँ शब्द निर्माण र उच्चारण गर्न<br>७. पाठ्यसामग्रीका आधारमा विषयवस्तु, पात्र र घटनाको बोध गरी प्रतिक्रिया व्यक्त गर्न |

| | | |
|---|---|---|
| ८. संकेतका आधारमा विभिन्न आकृति र चित्र निर्माण गर्न<br>९. शब्दमा भएका अक्षर छुट्याउन, जोड्न, थप्न, हटाउन र परिवर्तन गरी नयाँ शब्द बनाउन<br>१०. वर्ण, शब्द र वाक्यको अनुलेखन र निर्देशित लेखन गर्न<br>११. कण्ठस्पर्शी वर्ण ? को प्रयोगबाट शब्द निर्माण गर्न<br>१२. श्रव्य र दृश्य सामग्रीका आधारमा प्रतिक्रिया व्यक्त गर्न | छलफलमा सहभागी भई प्रश्नोत्तर गर्न<br>९. पाठगत परिवेश, चित्र, पात्र र सन्दर्भको पहिचान, छलफल, प्रश्नोत्तर एवम् तुलना गर्न<br>१०. पाठ्यसामग्रीका आधारमा विषयवस्तु, पात्र र घटनाको बोध गरी प्रतिक्रिया व्यक्त गर्न<br>११. पाठ पढी छलफल गर्न र पाठको घटनाक्रम बताउन<br>१२. पाठमा भएका शब्दहरूको वर्ण विभाजन गर्न र वर्ण जोडेर, थपेर, झिकेर वा परिवर्तन गरेर नयाँ शब्द बनाउन<br>१३. पदसङ्गति मिलाई सरल वाक्य रचना गर्न<br>१४. पाठ्यसामग्री पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न<br>१५. शब्द र वाक्यको श्रुतिलेखन र अनुच्छेदको अनुलेखन गर्न<br>१६. पाठका आधारमा कुराकानी र छलफल गरी लिखित अभिव्यक्ति दिन<br>१७. कण्ठस्पर्शी वर्ण ? को प्रयोग बाट शब्द निर्माण गर्न<br>१८. श्रव्य र दृश्य सामग्रीका आधारमा प्रतिक्रिया व्यक्त गर्न | ८. हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न<br>९. हलन्त र संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्द पहिचान गरी अर्थबोध गर्न<br>१०. शब्दको सन्दर्भगत अर्थ पहिचान र प्रयोग गर्न<br>११. सन्दर्भ सामग्री पढेर विषयवस्तु बोध गरी लेख्न<br>१२. शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, थपेर, झिकेर वा परिवर्तन गरेर नयाँ शब्द बनाउन<br>१३. शब्द, वाक्य र अनुच्छेदको अनुलेखन एवम् श्रुतिलेखन गर्न<br>१४. पाठका आधारमा कुराकानी र छलफल गरी लिखित अभिव्यक्ति दिन<br>१५. पदसङ्गति मिलाई सरल वाक्य वा अनुच्छेद रचना गर्न<br>१६. क्रियाअनुसार कालको उपयुक्त प्रयोग गरी वाक्य तथा अनुच्छेद निर्माण गर्न<br>१७. बुँदा टिपोट गर्न<br>१८. कण्ठस्पर्शी वर्ण ? को प्रयोग बाट शब्द निर्माण गर्न<br>१९. श्रव्य र दृश्य सामग्रीका आधारमा प्रतिक्रिया व्यक्त गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### कक्षा १

| विषयक्षेत्र | विषयवस्तु | सुनाइ र बोलाइ | पढाइ | लेखाइ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| वर्णज्ञान | • स्वर वर्ण<br>• व्यञ्जन वर्ण<br>• वर्णक्रम<br>• मात्रा | • ध्वनि तथा वर्ण सुनेर उच्चारण<br>• मात्रा लागेका वर्ण पहिचान र उच्चारण<br>• वर्णभेदसहित उच्चारण<br>• गीत तथा बालकविता गायन | • स्वर वर्ण पठन<br>• व्यञ्जन वर्ण पठन<br>• वर्णक्रमअनुसार पठन<br>• चित्रका आधारमा वर्णन | • सङ्केतका आधारमा धर्का लेखन (सिधा, छड्के)<br>• सङ्केत (थोप्ला) मार्फत व्यञ्जन वर्णको क देखि ह सम्म र स्वर वर्णको आ देखि ओ सम्मका वर्णहरूको अनुकरण<br>• स्वर वर्ण लेखन<br>• व्यञ्जन वर्ण लेखन<br>• वर्णक्रमअनुसार लेखन | ५० |
| म र मेरो परिवार | • शरीरका बाहिरी अङ्गका नाम<br>• शिष्टाचार | • आफ्नो नाम कथन<br>• सुनेका आधारमा आफ्ना परिवारका सदस्यबिचको नाता<br>• शिष्टाचारका शब्द प्रयोग र कुराकानी<br>• चित्रका आधारमा शरीरका बाहिरी अङ्गको वर्णन | • चित्रका आधारमा शरीरका बाहिरी अङ्गका नाम पठन<br>• शिक्षकको सहयोगमा गीत, कविता लय मिलाएर पढ्न<br>• क्रम मिलाएर पाठ पठन | • सङ्केतका आधारमा छड्के, गोलो र सिधा रेखा कोराइ<br>• चित्रमा रङ भरण<br>• थोप्ला थोप्ला जोडेर अक्षर लेखन | १० |
| मेरो दैनिकी | • बारका नाम<br>• महिनाको नाम<br>• समयको ज्ञान | • सात बारको नाम सुनाइ र प्रस्तुति<br>• समय पहिचान गरी कथन<br>• १२ महिनाको नाम सुनेर लयात्मक रूपमा गायन | • सात बारको नाम पठन<br>• १२ महिनाका नाम पठन<br>• शिक्षकको सहयोगमा पाठ पठन<br>• चित्रको वर्णन | • चित्र र शब्दको जोडा मिलान<br>• खाली ठाउँमा मिल्ने वर्ण भरण<br>• थोप्लामा रेखा तनाइ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • आआफ्नो घरमा गर्ने दैनिक कार्य मौखिक रूपमा व्यक्त<br>• शिक्षकको सहयोगमा बालगीत सुनाइ र वाचन<br>• चित्रका आधारमा छलफल | | • सङ्केतका आधारमा चित्र कोराइ र रंङ भरण<br>• वर्णको अनुलेखन | |
| हाम्रो समुदाय | • सामाजिक क्रियाकलाप<br>• पारस्परिक सहायता र मेलमिलाप | • पाठ सुनी प्रतिक्रिया<br>• चित्रका आधारमा छलफल<br>• पाठका शब्द पहिचान र उच्चारण<br>• शिक्षकको सहयोगमा कविता सुनाइ र वाचन | • वर्णक्रम मिलाएर पठन<br>• पाठमा भएका सरल शब्द पठन<br>• पाठमा भएका सरल वाक्य पठन<br>• चित्र वर्णन | • थोप्ला थोप्ला मिलाएर वर्ण लेखन<br>• वर्णक्रम मिलाएर लेखन<br>• आकार, इकार र ओकारको अनुलेखन<br>• चित्र बनाइ रङ भरण<br>• चित्र र शब्दको जोडा मिलान | १२ |
| मेरो विद्यालय | • विद्यालयको नाम र स्थान<br>• विद्यालयमा हुने कार्यहरू | • वर्ण पहिचान र उच्चारण<br>• पाठमा प्रयोग भएका शब्द उच्चारण<br>• चित्रको वर्णन<br>• शिक्षकको निर्देशन पालना<br>• श्रव्य सामग्रीका आधारमा हाउभाउसहित अनुकरण | • वर्ण तथा शब्दको पठन<br>• विद्यालयको नाम र ठेगाना पठन<br>• पाठमा भएका शब्दको वाचन<br>• चित्र वर्णन | • सङ्केतन (थोप्लो, सङ्केतन वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण<br>• चित्रमा रङभरण<br>• परिचित वस्तुको चित्र निर्माण<br>• पाठमा प्रयोग भएका शब्द तथा वाक्यको अनुलेखन | १० |
| वातावरण | • वातावरणको परिचय<br>• वातावरण सरसफाइ | • मात्रा लागेका र नलागेका वर्णको पहिचान र उच्चारण<br>• छोटा छोटा वाक्य उच्चारण<br>• चित्र वर्णन<br>• पाठका आधारमा छलफल | • हाउभाउ, गति र शुद्धसँग वर्ण र सरल वाक्य पठन<br>• चित्र वर्णन | • सङ्केतक (थोप्ला, सङ्केतक, वर्ण र अङ्क) बाट वर्णको ढाँचा लेखन<br>• चित्र र शब्दको जोडा मिलान | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • आफ्नो ठाउँ र वरिपरि रहेका वातावरणीय अवस्था पहिचान | • चित्र बनाइ रङ भरण<br>• वर्ण तथा शब्दको अनुलेखन | |
| मेरो सिर्जना | • चित्र रेखाङ्कन<br>• सिर्जनात्मक कार्य | • कविता/गीत/कथा सुनेर सस्वर वाचन<br>• पाठ सुनेका आधारमा सवालजवाफ<br>• चित्रका आधारमा प्रश्नोत्तर<br>• श्रव्य वा दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान र मौखिक रूपमा वर्णन | • चित्र वर्णन<br>• हाउभाउसहित पाठ पठन<br>• शब्दको अर्थ प्रस्तुति | • सङ्केतका आधारमा विभिन्न आकृति निर्माण<br>• छुटेका वर्ण पूरा गरी शब्द निर्माण<br>• वर्ण, शब्द र वाक्यको अनुलेखन<br>• ठिक बेठिक छुट्याइ | १० |
| रुचि र बानी | • खेल<br>• नाचगान, कविता र गीत<br>• बाजा | • चित्र हेरी नाम बताउन<br>• खेलको नाम उच्चारण<br>• हाउभाउसहित गीत सुनाइ र गायन<br>• पाठगत शब्द पहिचान र उच्चारण | • द्रुत पठन<br>• शिक्षकको सहयोगमा कविता र गीत लयसहित पठन<br>• विषयवस्तुका आधारमा प्रश्नोत्तर<br>• खेल र बाजाका नाम पठन | • थोप्ला थोप्ला जोडेर रेखा तनाइ<br>• चित्रमा रङ भरण<br>• शब्द र अर्थको जोडा मिलान<br>• वाक्यको अनुलेखन | १० |
| हाम्रो संस्कृति | • चाड, भेषभूषा, रीतिरिवाज, चालचलन<br>• धार्मिक स्थल | • चाडहरूका नाम सुनाइ र बताइ<br>• वेषभूषा पहिचानसहित कथन<br>• चालचलन एवम् रीतिरिवाजका बारेमा सुनाइ र कथन<br>• आफ्नो समुदाय वरिपरि रहेका धार्मिक स्थलका नाम | • चित्र हेरेर नाम भन्न<br>• चाड र वेषभूषाका बारेमा कथन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दहरूको पहिचान र पठन<br>• पाठ्यसामग्रीलाई गति, यति र लयसहित पठन | • सङ्केतका आधारमा शब्दको ढाँचा निर्माण<br>• चित्र र शब्दबिच जोडा मिलान<br>• सरल वाक्यको अनुलेखन<br>• शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, छुट्याएर, झिकेर, थपेर र परिवर्तन गरेर नयाँ शब्द लेखन | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| सञ्चार प्रविधि र बजार | • प्रविधि<br>• बजार | • शब्दको पहिचान र उच्चारण<br>• शब्दका सुरू वा अन्त्यका ध्वनि पहिचान र उच्चारण<br>• सञ्चारका साधनका नामहरू सुनाइ र बोलाइ<br>• हाउभाउ र अभिनयसहित विषयवस्तुको मौखिक वर्णन<br>• चित्रका आधारमा प्रश्नोत्तर | • दिएको पाठको गति, यति र लय मिलाएर शुद्ध पठन<br>• पाठको शीर्षक, सन्दर्भ र परिवेशका आधारमा प्रश्नोत्तर<br>• पाठगत विषयवस्तुको बोध | • सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण<br>• शब्दमा वर्ण जोड्न तथा छुट्याउन<br>• शब्दको क्रम मिलाएर सरल वाक्य बनाउन<br>• सरल अनुच्छेदको अनुलेखन | १० |
| हाम्रो क्रियाकलाप | • सरसफाइ<br>• खानपान | • अक्षर संरचना पहिचान र उच्चारण<br>• समान र असमान संरचना भएका शब्द उच्चारण<br>• गीत, कविता सुन्न र लय मिलाएर गाउन<br>• घरमा बनाइने खानाहरूको सूची भनाइ | • हाउभाउ, गति, यति र शुद्धसँग पाठ पठन<br>• चित्र निर्माण<br>• पाठगत विषयवस्तुको बोध | • वर्ण पूरण<br>• मिल्दो वर्णमा घेरो लगाइ शब्द निर्माण<br>• शब्द र अर्थको जोडा मिलान<br>• सरल अनुच्छेदको अनुलेखन | ८ |
| हाम्रो वरपरको गाउँघर | • गाउँघर<br>• सहरबजार | • गाउँका नाम कथन<br>• दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान<br>• दैनिक प्रयोगमा आउने शब्दको अर्थबोधसहित उच्चारण<br>• लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक अभिव्यक्ति | • पाठका सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग पाठ पठन<br>• पूर्णविराम चिह्न प्रयोगको सचेतनासहित पठन<br>• पाठको सार बोध | • उल्टो अर्थ बुझाउने शब्दको जोडा मिलान<br>• अनुच्छेदको अनुलेखन<br>• पूर्णविराम चिह्नको ख्याल गरी सरल वाक्य लेखन | ८ |
| जम्मा | | | | | १६० |

## कक्षा २

| विषयक्षेत्र | विषयवस्तु | सुनाइ र बोलाइ | पढाइ | लेखाइ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | • परिवार<br>• पारिवारिक नाता सम्बन्ध | • परिवारका सदस्यहरूको नाम उच्चारण<br>• पारिवारिक सम्बन्धबारे मौखिक कथन<br>• परिवारका सदस्यहरूको कामको (पेसा) अधिव्यक्ति<br>• चित्रका आधारमा प्रश्नोत्तर<br>• श्रव्य सामग्रीको श्रुतिबोध | • चित्रका आधारमा प्रश्नोत्तर<br>• पाठको सस्वर वाचन<br>• शब्दमा भएका वर्णगत ढाँचा र अर्थका बारेमा सचेततासहित पठन<br>• परिवेशगत, पात्रगत र घटनागत सन्दर्भ पहिचान र तुलना<br>• पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्नको प्रयोग अवस्था ख्याल गरी पठन<br>• शुद्धसँग पाठ पठन | • वर्ण थपी नयाँ शब्द निर्माण<br>• पारिवारिक नाता सम्बन्धका बारेमा लेखन<br>• समान संरचना भएका शब्दको सूची निर्माण<br>• अनुच्छेदको अनुलेखन | १६ |
| मेरो दैनिकी | • दिन, बार, महिना र समय<br>• दैनिक कार्य | • संयुक्त वर्ण प्रयोग भएका शब्दहरू उच्चारण<br>• दिन, बार र महिनाको नाम सुनाइ र कथन<br>• घडी हेरेर समयको भनाइ<br>• लेख्य चिह्नका आधारमा हुने उच्चारणगत भिन्नता पहिचान र व्यक्त<br>• श्रव्य र दृश्य सामग्रीका बारेमा कुराकानी, छलफल र प्रश्नोत्तर | • क्रम मिलाएर शुद्धसँग पाठ पठन<br>• दिन, बार र महिनाका नाम पठन<br>• उपयुक्त गति, यति र लयसहित पाठ पठन<br>• द्रुत गतिमा वाक्य तथा अनुच्छेद पठन<br>• तालिका र चित्रका आधारमा प्रश्नोत्तर | • शब्दको क्रम मिलाएर वाक्य लेखन<br>• दिन, बार र महिनाको नाम लेखन<br>• शब्दलाई वाक्यमा प्रयोग गरी लेखन<br>• पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्नको प्रयोग गरी सरल वाक्य लेखन<br>• अनुलेखन | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो समुदाय | • समुदायको परिचय तथा महत्त्व | • शिक्षकले पढाएको पाठ सुनेर शुद्धसँग शब्द उच्चारण<br>• चित्र वर्णन<br>• पाठसँग सम्बन्धित दृश्य सामग्रीको अवलोकन र प्रतिक्रिया<br>• निर्दिष्ट वर्ण परिवर्तन गरी बनेका नयाँ शब्द उच्चारण<br>• पाठका आधारमा छलफल तथा प्रश्नोत्तर | • शीर्षक, सन्दर्भ र परिवेशका आधारमा प्रतिक्रिया व्यक्त<br>• पाठमा भएका शब्दहरू पठन<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग पाठको सस्वर वाचन<br>• पाठगत विषयवस्तुको बोध<br>• चित्र वर्णन | • चित्रका आधारमा शब्द र हिज्जे मिलाई लेखन<br>• खाली ठाउँमा मिल्दो शब्द राखी कथा पूरण<br>• शब्दक्रम मिलाई वाक्य लेखन<br>• पाठमा भएका शब्द प्रयोग गरी वाक्य निर्माण<br>• सरल वाक्यको अनुच्छेद अनुलेखन | १५ |
| मेरो विद्यालय | • विद्यालयको नाम र परिचय<br>• विद्यालयमा हुने कार्य | • विद्यालयको परिचय<br>• दुईओटा दृश्यहरूको समानता र भिन्नता पहिचान र कथन<br>• चित्रका आधारमा प्रश्नोत्तर<br>• परिचित शब्दका वर्ण परिवर्तन र नयाँ शब्द उच्चारण<br>• श्रव्य सामग्रीको श्रुतिबोध | • चित्र वर्णन<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग पाठ पठन<br>• पठन सामग्रीमा प्रयोग भएका नयाँ शब्दहरूको पहिचान<br>• पाठगत विषयवस्तुको बोध | • परिचित शब्दका वर्ण परिवर्तन गरी नयाँ शब्द लेखन<br>• पाठगत शब्दहरूको श्रुतिलेखन<br>• निर्धारित पाठमा पात्र परिवर्तन गरी पुनर्लेखन<br>• पाठमा प्रयुक्त वाक्य र अनुच्छेदको अनुलेखन<br>• विद्यालयका बारेमा लेखन | १५ |
| वातावरण | वातावरणको परिचय र स्वच्छता | • उच्चारणका आधारमा शब्दको पहिचान<br>• पाठमा प्रयोग भएको शब्दको उच्चारण<br>• श्रव्य सामग्रीको श्रुतिबोध<br>• चित्र वर्णन<br>• दृश्य सामग्रीको अवलोकन र प्रतिक्रिया | • हाउभाउ, गति र शुद्धसँग सस्वर र द्रुत पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ पहिचान<br>• पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• पाठगत बिषयवस्तुको बोध | • शब्द सूची (बिषयगत क्षेत्र) निर्माण<br>• शब्दको सुरू, मध्य र अन्त्यमा वर्ण थपी वा हटाई नयाँ शब्द निर्माण<br>• पाठमा प्रयोग भएका नयाँ शब्दलाई वाक्यमा प्रयोग<br>• शब्दहरूको क्रम मिलाई वाक्य निर्माण | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • पाठका आधारमा घटनाक्रम मिलाई लेखन<br>• विषयवस्तुमा आधारित भई प्रश्नको उत्तर लेखन<br>• पूर्णविराम, अल्पविराम, प्रश्नवाचक चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति | |
| मेरो सिर्जना | • सिप तथा सिर्जना | • संयुक्त वर्ण प्रयोग भएका शब्द पहिचान र उच्चारण<br>• शब्दमा भएको हलन्त वर्णको उच्चारण<br>• चित्रका आधारमा प्रश्नोत्तर<br>• गीत (पालाम्) को गति, यति र लय मिलाई सुन्न र गाउन<br>• श्रव्य सामग्रीको बोध<br>• चित्रका बारेमा वर्णन | • हाउभाउ, गति, यति, लय र शुद्धसँग पठन<br>• पाठ पढी प्रश्नोत्तर<br>• पाठका विषयवस्तुसँग मिल्दाजुल्दा अन्य पाठ्यसामग्री पठन<br>• पाठगत विषयवस्तुको बोध | • सङ्केत चिह्नका आधारमा चित्र निर्माण<br>• अनुलेखन<br>• पाठमा प्रयोग भएका शब्दको श्रुतिलेखन<br>• पाठमा प्रयोग भएका हलन्त शब्दको सूची निर्माण<br>• बुँदाका आधारमा वाक्य निर्माण | १५ |
| रुचि र बानी | • रुचि : खेल, कथा, नाच, बाजा र चित्र<br>• बानी : राम्रो र नराम्रो | • संयुक्त व्यञ्जन वर्ण भएका शब्दको उच्चारण<br>• ध्वनिका आधारमा शब्दको पहिचान<br>• चित्रका आधारमा मौखिक वर्णन<br>• बालकथा सुनेर पात्रको नाम कथन | • चित्रको वर्णन<br>• पाठ पढी प्रश्नोत्तर<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग द्रुत पठन<br>• पाठगत विषयवस्तुको बोध | • चित्र कोरी रङ भरण<br>• मिल्दो लेख्य चिह्न राखी वाक्य निर्माण<br>• संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्द लेखन<br>• दिइएका वाक्य तथा अनुच्छेदको अनुलेखन<br>• रामो र नराम्रो वानीको सूची निर्माण<br>• छोटो अनुच्छेद लेखन | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | • चाड, वेषभूषा, रीतिरिवाज र चालचलन<br>• धार्मिक स्थल | • चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• संयुक्त तथा हलन्त वर्ण प्रयोग भएका शब्द पहिचान र उच्चारण<br>• श्रव्य सामग्रीको बोध<br>• आफ्नो घरमा मनाइने चाडका बारेमा कथन<br>• विषयवस्तुमा आधारित भई छलफल र प्रश्नोत्तर | • पाठको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन<br>• पाठ पढी घटनाक्रम बताउन<br>• पाठमा उल्लेख भएका नयाँ शब्दका अर्थबोध<br>• पाठगत बिषयवस्तुको बोध | • चित्र वर्णन<br>• शब्द र अर्थको जोडा मिलान<br>• संयुक्त व्यञ्जन वर्णको लेख्य स्वरूप चिनेर लेखन<br>• वाक्यको श्रुतिलेखन<br>• अनुच्छेदको अनुलेखन | १३ |
| सञ्चार प्रविधि र बजार | • सञ्चार प्रविधि : उपयोग<br>• बजार | • शब्द शब्द जोडेर वा छुट्याएर उच्चारण<br>• चित्रका आधारमा मौखिक वर्णन<br>• सञ्चारका साधानहरूको नाम उच्चारण<br>• श्रव्य सामग्रीको बोध | • पाठ पढी प्रतिक्रिया र प्रश्नोत्तर<br>• गति, यति र लय मिलाई शुद्ध र द्रुत पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ व्यक्त<br>• चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• पाठगत विषयवस्तुको बोध | • चित्रका आधारमा नाम लेखन<br>• चित्र र शब्दको जोडा मिलान<br>• दुईओटा शब्द जोडेर वा छुट्याएर बनेका शब्द लेखन<br>• दिइएका वाक्य तथा अनुच्छेदको अनुलेखन<br>• पात्र परिवर्तनसहित कथा निर्माण<br>• लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई लिखित अभिव्यक्ति | १३ |
| हाम्रो क्रियाकलाप | • सरसफाइ र पेसा | • दृश्य सामग्रीका बारेमा प्रतिक्रिया<br>• पाठ्यसामग्री सुनेर प्रश्नोत्तर<br>• लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक अभिव्यक्ति<br>• समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण | • निर्धारित पाठ्यसामग्री बोध<br>• पाठमा दिइएका शब्दको अर्थ व्यक्त<br>• पाठको सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटनाको बोध र अभिव्यक्ति<br>• पाठगत प्रश्नोत्तर | • दुईओटा शब्द मिली बनेका शब्दहरू जोडेर र छुट्याएर लेखन<br>• शब्दको अर्थबोधसहित वाक्यमा प्रयोग<br>• पाठ पढी हलन्त शब्दका सूची निर्माण | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पाठगत विषयबस्तुको बोध | • लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई लिखित अभिव्यक्ति<br>• पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, चिह्नको प्रयोग गरी वाक्य लेखन | |
| हाम्रो वरपरको गाउँघर | • हाम्रो गाउँघर र सहर | • पाठमा प्रयोग भएका शब्दको पहिचान र उच्चारण<br>• चित्रका आधारमा प्रश्नोत्तर र छलफल<br>• श्रव्य सामग्रीको श्रुतिबोध<br>• सम्मानबोधक शब्दको प्रयोग<br>• आफ्नो पालिका, वडा र गाउँको नाम कथन | • गति, यति, लय मिलाई शुद्धसँग द्रुत पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ बताउन<br>• चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• पाठगत बिषयवस्तुको बोध | • पाठमा दिएको अनुच्छेदको अनुलेखन<br>• आफ्नो वरिपरिका गाउँका नाम लेखन<br>• चित्र वर्णन<br>• वाक्यको श्रुतिलेखन<br>• शब्दका अगाडि एवम् पछाडि आएका सर्ग छुट्याएर तथा जोडेर शब्द निर्माण<br>• उपयुक्त शब्द राखी खाली ठाउँ भरण | १४ |
| जम्मा | | | | | १६० |

## कक्षा ३

| विषयक्षेत्र | विषयवस्तु | सुनाइ र बोलाइ | पढाइ | लेखाइ | कार्यघण्टा |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | • पारिवारिक सम्बन्ध, शिष्टाचार, मेलमिलाप तथा पारिवारिक दायित्व | • दैनिक प्रयोग हुने शब्द सुनेर उच्चारण<br>• कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार<br>• शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर कथन<br>• श्रव्यदृश्य सामग्रीबाट सूचना तथा जानकारी बोध<br>• निर्देशित शब्दका वर्णहरू प्रयोग गरी नयाँ शब्दहरू उच्चारण<br>• पाठमा दिइएका शब्दको अर्थबोध गरी उस्तै अर्थ दिने अरू शब्दहरू उच्चारण | • चित्र हेरेर वर्णन<br>• शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पठन<br>• निर्धारित पाठ पढेर घटनाक्रमको अभिव्यक्ति<br>• पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर<br>• पाठको सस्वर र द्रुत पठन | • शब्द छुट्याएर वाक्य निर्माण<br>• शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर लेखन<br>• निर्दिष्ट शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग<br>• पात्र परिवर्तन गरी पुनर्लेखन<br>• लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई लिखित अभिव्यक्ति | १५ |
| मेरो दैनिकी | बिहानदेखि बेलुकीसम्म नियमित गरिने कार्यहरू | • पाठ सुनी वाचन<br>• बालगीत, बालकविता र बालकथा सुनेर पुनर्कथन<br>• चित्रका आधारमा कुराकानी, छलफल र प्रश्नोत्तर<br>• श्रव्य सामग्रीको बोध | • आशय र भावअनुकूल हाउभाउ, गति, यति र शुद्धसँग पाठ पठन<br>• पाठमा प्रयोग भएका शब्दको उस्तै अर्थ दिने शब्द पहिचान र प्रयोग<br>• शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान | • चित्रमा भएका वस्तुहरूको नाम लेखन<br>• निर्दिष्ट शब्दको प्रयोग गरी वाक्य निर्माण<br>• उल्टो अर्थ दिने शब्दहरू लेखन<br>• वाक्यको श्रुतिलेखन | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पाठ पढी प्रश्नोत्तर र छलफल<br>• पाठगत बिषयबस्तुको बोध | • लिङ्ग, वचन, पुरुष र आदर मिलाई लेखन | |
| हाम्रो समुदाय | सामुदायिक कार्य | • पाठ सुनी शब्दको शुद्ध उच्चारण<br>• चित्रका आधारमा प्रश्नोत्तर र छलफल<br>• चित्रको वर्णन<br>• श्रव्य सामग्रीको बोध<br>• समुदायको भूमिका तथा जिम्मेवारीका बारेमा सुनाइ र व्यक्त | • पाठगत सन्दर्भ र परिवेशका आधारमा प्रश्नोत्तर<br>• पाठमा भएका शब्द तथा वाक्य पठन<br>• हाउभाउ, गति, यति, लय र शुद्धतासहित पठन<br>• पाठगत बिषयवस्तुको बोध | • चित्रका आधारमा वाक्य लेखन<br>• पदसङ्गति मिलाई लेख्य चिह्नको प्रयोग<br>• लिङ्ग, वचन, पुरुष र आदर मिलाई वाक्य लेखन<br>• समुदायमा बसोबास गर्ने जातजातिको नाम लेखन<br>• अनुच्छेदको अनुलेखन | १५ |
| मेरो विद्यालय | • विद्यालयको परिचय, विद्यालयमा हुने गतिविधि | • पाठ सुनी शब्दको शुद्ध उच्चारण<br>• चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• विद्यालयमा हुने गतिविधिको बारेमा सुनेर व्यक्त<br>• श्रव्य सामग्रीको श्रुतिबोध | • हाउभाउ, गति, यति, लय र शुद्धतासहित द्रुत पठन<br>• पाठगत सन्दर्भ, परिवेश र विषयवस्तुका आधारमा छलफल र प्रश्नोत्तर<br>• पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ बताउन<br>• पाठगत बिषयबस्तुको बोध | • विद्यालयको बारेमा लेखन<br>• विद्यालयमा हुने गतिविधिलाई क्रम मिलाएर लेखन<br>• निर्धारित पाठमा पात्र तथा सन्दर्भ परिवर्तन गरी पुनर्लेखन<br>• पाठमा प्रयोग भएका वाक्य र अनुच्छेदको अनुलेखन<br>• पाठमा प्रयोग भएको वाक्यको श्रुतिलेखन | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण | वातावरण र यसको संरक्षण | • शब्दका सुरु, मध्य र अन्त्यमा छुटेका वर्ण पहिचान र उच्चारण<br>• दृश्य सामग्रीको अवलोकन गरी विचार व्यक्त<br>• शब्दमा शब्द थपी वा हटाई नयाँ शब्द निर्माण र व्यक्त<br>• श्रव्य सामग्रीको श्रुतिबोध | • हाउभाउ, गति, यति र लय मिलाई शुद्धसँग द्रुत पठन<br>• पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• पाठ पढी घट्‌क्रम मिलाएर लेखन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ बताउन<br>• पाठगत विषयवस्तुको बोध | • पाठका आधारमा घटनाक्रम मिलाएर लेखन<br>• पाठमा आएका मुख्य मुख्य शब्दको सूची निर्माण<br>• विषयवस्तुमा आधारित भई प्रश्नको उत्तर लेखन<br>• कालअनुसारको क्रियापद प्रयोग गरी वाक्य निर्माण<br>• वाक्यको श्रुतिलेखन | १५ |
| मेरो सिर्जना | • चित्र, अभिनय र नृत्य<br>• गीत, कविता र कथा | • समान ध्वनि भएका शब्दहरू पहिचान र उच्चारण<br>• अनुच्छेद सुनी मुख्य मुख्य शब्दको पहिचान र उच्चारण<br>• बाल कविता, गीत र कथा सुनी पुनर्कथन<br>• चित्रका आधारमा मौखिक वर्णन<br>• श्रव्य सामग्रीको बोध | • पाठमा भएको नयाँ शब्दको अर्थ पहिचान<br>• चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग द्रुत पठन<br>• पाठगत बिषयवस्तुको बोध | • चित्रमा भएका बस्तुको नाम लेखन<br>• दिइएको चित्रका आधारमा उस्तै किसिमको चित्र निर्माण<br>• शीर्षक तथा विषयवस्तुका आधारमा वाक्य लेखन<br>• वाक्यको श्रुतिलेखन<br>• बुँदा टिपोट | १५ |
| रुचि र बानी | • रुचिः खेल, कथा, नाच, गीत,<br>• असल बानी | • पाठमा प्रयोग भएका शब्दहरू पहिचान र उच्चारण<br>• श्रव्य सामग्रीका आधारमा विषयवस्तुको बोध<br>• चित्रका आधारमा मौखिक वर्णन<br>• बाल कथा, गीत सुनेर पुनर्कथन | • हाउभाउ, गति, यति लय र शुद्धसँग द्रुत पठन<br>• पाठका आधारमा घटनाक्रम मिलाएर बताउन<br>• पाठमा भएका नयाँ शब्दको अर्थ बताउन<br>• पाठ पढी प्रश्नोत्तर | • पाठगत नयाँ शब्दको प्रयोग गरी वाक्य निर्माण<br>• पात्र परिवर्तन गरी अनुच्छेद पुनर्लेखन<br>• पाठगत सन्दर्भ पहिचान गरी लिखित अभिव्यक्ति<br>• अनुच्छेदको श्रुतिलेखन | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पाठगत बिषयबस्तुको बोध | • असल वानीको सूची तयार | |
| हाम्रो संस्कृति | • चाड, वेषभूषा, रीतिरिवाज र चालचलान<br>• धार्मिक स्थल | • सांस्कृतिक गतिविधिमा प्रयोग हुने शब्दको पहिचान र उच्चारण<br>• चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• अनुच्छेद सुनी मुख्य मुख्य शब्द पहिचान र उच्चारण<br>• सांस्कृतिक गतिविधिका बारेमा बताउन<br>• श्रव्य सामग्रीको बोध | • हाउभाउ, गति, यति, लय र शुद्धसँग द्रुत पठन<br>• एकल, युगल र सामूहिक रूपमा शुद्ध उच्चारणसहित पाठ पठन<br>• दृश्य सामग्रीको बोध र मौखिक अभिव्यक्ति<br>• पाठ पढी पाठमा उल्लिखित पात्र, परिवेश र घटनाको बारेमा वर्णन<br>• देवीदेवता र धार्मिक स्थलको बारेमा व्यक्त | • पाठका आधारमा छलफल गरी लिखित अभिव्यक्ति<br>• पदसङ्गति मिलाई सरल वाक्य लेखन<br>• सांस्कृतिक तथा धार्मिक स्थलसम्बद्ध शब्दको सूची निर्माण<br>• अनुच्छेदको अनुलेखन<br>• चित्रका आधारमा सरल अनुच्छेद लेखन | १५ |
| सञ्चार प्रविधि र बजार | • सञ्चार प्रविधिका साधान र उपयोग<br>• बजार | • सञ्चारका साधनहरूको नाम पहिचान गरी शुद्ध उच्चारण<br>• चित्रका आधारमा छलफल र प्रश्नोत्तर<br>• श्रव्य सामग्रीको श्रुतिबोध<br>• सञ्चारका साधनहरूका नाम र काम मौखिक रुपमा वर्णन<br>• वरिपरिका बजारमा उपलब्ध हुने सामानका बारेमा कथन | • चित्रका आधारमा प्रश्नोत्तर<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थबोधसहित उच्चारण<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग द्रुत पठन<br>• पाठ पढी छलफल र प्रश्नोत्तर<br>• पाठगत विषयवस्तुको बोध | • सञ्चारका साधनको सूची निर्माण<br>• चित्र र शब्दको जोडा मिलान<br>• वचनका आधारमा वाक्य परिवर्तन<br>• दिइएका वाक्य तथा अनुच्छेदको अनुलेखन<br>• अनुच्छेदको श्रुतिलेखन<br>• सञ्चारका साधनका बारेमा छोटो अनुच्छेद लेखन | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो क्रियाकलाप | • पेसा/व्यवसाय | • चित्र वर्णन<br>• पाठसँग सम्बन्धित नयाँ शब्दको पहिचान र शुद्ध उच्चारण<br>• चित्रका आधारमा छलफल तथा प्रश्नोत्तर<br>• सामाजिक परिवेशमा आधारित विभिन्न पेसाका बारेमा सुनाइ र वर्णन<br>• श्रव्य सामग्रीको श्रुतिबोध | • पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ बताउन<br>• हाउभाउ, गति, यति, लय र शुद्धसँग द्रुत पठन<br>• पाठका विषयवस्तुका आधारमा प्रश्नोत्तर<br>• पाठमा उल्लिखित घटनाक्रम मिलाई व्यक्त गराइ<br>• पाठको विषयवस्तु बोध | • पाठको मुख्य मुख्य बुँदा टिपोट गरी लेखन<br>• पाठसँग सम्बन्धित प्रश्नका उत्तर लेखन<br>• परिवारका सदस्यको काम/पेसाको बारेमा छोटो अनुच्छेद लेखन<br>• पाठमा आधारित अनुच्छेदको श्रुतिलेखन<br>• पाठमा आधारित अनुच्छेदको अनुलेखन<br>• पदसङ्गति मिलाई वाक्य निर्माण | १५ |
| हाम्रो वरपरको गाउँघर | • गाउँ र सहर | • गाउँठाउँका नाम सुनेर बताउन<br>• श्रव्य सामग्री सुन्न र प्रतिक्रिया<br>• चित्र हेरी वर्णन<br>• शब्दका अगाडि एवम् पछाडि आएका सर्ग छुट्याउन तथा जोडेर शब्द उच्चारण<br>• ठिक बेठिक छुट्ट्याइ | • हाउभाउ, गति, लय र शुद्धसँग द्रुत पठन<br>• पाठ पढी छलफल र प्रश्नोत्तर<br>• निर्धारित समयमा तोकिएको पाठ वा अनुच्छेद पठन<br>• पाठका सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटनाको वर्णन<br>• निर्धारित पाठ्यसामग्री, चित्र, तालिका पढी बोध | • शब्दको अर्थबोधसहित वाक्यमा प्रयोग<br>• बुँदाका आधारमा अनुच्छेद लेखन<br>• पाठसँग सम्बन्धित प्रश्नका उत्तर लेखन<br>• स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचना लेखन<br>• निर्धारित पाठको मुख्य मुख्य बुँदा टिपोट<br>• क्रियाका कालअनुसार वाक्य निर्माण | १५ |
| जम्मा | | | | | १६० |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

आधारभूत तह कक्षा १-३ का विद्यार्थीको सिकाइ प्रक्रियालाई सहजीकरण गर्दा सरल क्रियाकलापको प्रयोग गर्नुपर्छ । सिकाइ सहजीकरण क्रियाकलाप छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिनुपर्छ । विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित विधि तथा तरिकाको प्रयोग गरी बढीभन्दा बढी ज्ञान तथा सिप विकास गराउनुपर्छ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी ध्वनि पहिचान र उच्चारण, नयाँ शब्दको उच्चारण, अर्थ र प्रयोग, सस्वरवाचन, द्रुत पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, शब्दक्रम मिलाएर सरल वाक्य निर्माण, सारांश लेखन, घटना क्रम मिलाउने, श्रुतिलेखन, अनुलेखन जस्ता विधि तथा तौरतरिकाको प्रयोगमा जोड दिन आवश्यक हुन्छ ।

स्थानीय खेल, बाजा, स्थानीय धार्मिक मन्दिर तथा स्तुप, गुम्बा, ध्वजापताका र तिनका रङ, स्थानीय रीतिथिति तथा चाड र त्यहाँभित्र रहेका ज्ञानलाई बोध गराउने, तिनको सम्मान गर्ने र त्यसप्रति गर्व गर्दै सिप विकास गराउने क्रियाकलापलाई विशेष रूपमा जोड दिनुपर्छ ।

आधारभूत तह कक्षा १-३ मा याक्खा मातृभाषा विषय अध्ययन गर्ने बालबालिकामा पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल गर्न निम्नानुसारका सिकाइ सहजीकरण विधि तथा प्रक्रिया अवलम्बन गर्नुपर्छ ।

| क्र.स. | विधि | प्रक्रिया | प्रयोग हुने प्रमुख भाषिक सिप |
|---|---|---|---|
| १. | प्रदर्शन विधि | • विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन<br>• उच्चारणगत शैली अनुकरण<br>• नयाँ सन्दर्भ, परिवेश र शब्दको प्रयोग<br>• धारणा निर्माण<br>• विचार आदानप्रदान तथा प्रस्तुति<br>• सवालजवाफ र छलफल<br>• विषयवस्तुको बयान<br>• निष्कर्ष | सुनाइ तथा बोलाइ<br>(श्रव्य/दृश्यबोधसहित) |
| २ | प्रयोग विधि | • नमुना प्रस्तुति<br>• विद्यार्थीद्वारा सहअभ्यास<br>• निर्धक्क (स्वतन्त्र) प्रयोग | सबै भाषिक सिप |
| ३ | सोधपुछ विधि | • शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान<br>• कथ्य भाषाको उपयोग | सुनाइ तथा बोलाइ |

| | | | |
|---|---|---|---|
| | | • उपकरणको प्रयोग<br>• कुराकानी<br>• छलफल र निष्कर्ष | |
| ४ | सवालजवाफ विधि | • नमुना प्रदर्शन र सहअभ्यास<br>• तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायत विषयक्षेत्रमा आधारित सवाल र जवाफ निर्माण तथा प्रयोग<br>• व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण | सबै भाषिक सिप |
| ५ | स्वाध्ययन | • सामग्री छनोट<br>• अध्ययन<br>• धारणा वा विचार निर्माण<br>• सन्दर्भगत उपयोग | पढाइ |
| ६ | कथा कथन/गीत | • लयात्मक शब्द बोध<br>• पात्र, घटना, कार्यलगायतको बोध<br>• सार निर्माण<br>• पुन कथन<br>• पात्र, स्थान आदिको निर्माणबाट नयाँ पाठ निर्माणको अभ्यास | सबै भाषिक सिप |
| ७. | खोज वा परियोजना | • भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति<br>• खोजकार्य वा तरिकाबारे छलफल<br>• विद्यार्थीद्वारा खोज (निर्देशित वा स्वतन्त्र)<br>• प्रस्तुति र छलफल<br>• पृष्ठपोषण | लेखाइ (शब्द भण्डार र बोधसहित) |
| ८. | अन्तर्क्रिया | • छलफलको योजना र तयारी<br>• ठूलो समूहमा छलफल सञ्चालन वा समूह विभाजन<br>• समूह विभाजन गरी कार्यसूची बाँडफाँट र कार्य सञ्चालन<br>• प्रस्तुतीकरण | सुनाइ तथा बोलाइ सिप |

| | | | |
|---|---|---|---|
| | | • तुलना, विश्लेषण र मूल्याङ्कन<br>• निष्कर्ष | |
| ९ | अभिनय विधि | • योजना निर्माण (उद्घोषण, अभिनय वा नाटकीकरण)<br>• विषयक्षेत्र/शीर्षक/नाटक/पात्र/घटनाको छनोट<br>• प्रस्तुति (व्यक्तिगत वा सामूहिक)<br>• भाषाशैलीको छनोट तथा उपयोग<br>• छलफल र मूल्याङ्कन<br>• पृष्ठपोषण | सुनाइ तथा बोलाइ सिप |
| १० | सिर्जनात्मक कार्य | • चित्र वा आकृति निर्माण<br>• निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना | बोलाइ र लेखाइ सिप |
| ११ | भ्रमण | • शैक्षिक उद्देश्यसँग सम्बन्धित स्थानको स्थलगत अवलोकन<br>• निरीक्षण र खोज<br>• सोधपुछ, सवालजवाफ र छलफल<br>• निष्कर्ष | लेखाइ सिप<br>दृश्यबोध/श्रुतिबोधसहित) |

## ६. विद्यार्थी मूल्याङ्कन

आधारभूत तह कक्षा १-३ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले उल्लेख गरेबमोजिम निर्माणात्मक मूल्याङ्कन प्रक्रियालाई कार्यान्वयन गरिने छ । यो मूल्याङ्कन सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा अङ्गीकार गरी नियमित रूपमा सञ्चालन गरेर विद्यार्थीको सिकाइ सुधारका निम्ति निरन्तर सञ्चालन गर्नुपर्छ । प्रत्येक बालबालिकाको सिकाइ अवस्थाको प्रमाणलाई कार्यसञ्चयिका फाइलमा व्यवस्थित गरी राख्नुपर्छ । कार्यसञ्चयिका फाइलमा विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा व्यावहारिक परिवर्तनको अवलोकन र सोको अवस्था, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा हरेक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्य सञ्चालनको अभिलेख उल्लेख गर्नुपर्छ । यही तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतः निम्नानुसार हुने छ :

(क) मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

(ख) सिकाइ उपलब्धि र तिनको विस्तृत विवरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

(ग) दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थी सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा तोकिएका न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्न सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

(घ) विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे नगरेको परीक्षण गर्नुपर्छ ।

(ङ) विद्यार्थीहरूको सिकाइ मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकताअनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायत उच्च क्षमता परीक्षण गर्नु उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

(च) मूल्याङ्कनका क्रममा आवश्यक व्यावहारिक सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकताअनुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

(छ) मूल्याङ्कनपछि विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक सिकाइ सहजीकरणको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटक पटकको सकारात्मक सिकाइ सहजीकरण प्रक्रियाबाट पनि सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीमा उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

(ज) मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल तयार गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण भएको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ ।

(झ) विद्यार्थीलाई स्वमूल्याङ्कन र प्रतिविम्बन गर्न, सिकाइ सुधारको आवश्यकता र उपाय पहिचान गर्न शिक्षक अभिभावकले प्रेरित गर्नुपर्छ ।